"सामाजिक सुरक्षा ,सुशासन, न्याय विकास र समानता समृद्ध नगर सुखी नगरवासी हाम्रो प्रतिबद्धता"
" Social Security, Good Governance, Justice, Development and Equity Properous Cities Happy Citizens Our Commitment"

सुनवल नगरपालिका
Sunwal Municipality
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE

सुनवल, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)
Sunwal, Nawalparasi (West of Bardaghat Susta)
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

च.नं. ७५ (योजना)
प.सं. ०८१।०८२

मिति: २०८२।२।३०

श्री सबै वडा कार्यालयहरु
सुनवल नगरपालिका, नगर कार्यपालिकाको कार्यालय
सुनवल, नवलपरासी ।

बिषय: वडा स्तरीय बजेट सीमा तथा मार्गदर्शन सम्वन्धमा ।

सुनवल नगरपालिकाको आर्थिक बर्ष २०८२।३२ को बार्षिक विकास योजना तर्जुमा गर्ने सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४ एवं स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ तथा संङ्घीय सरकार, प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ तथा मार्गदर्शन बमोजिम सुनवल नगर स्तरीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति तथा कार्यपालिकाको निर्णयानुसार तहाँ वडा कार्यालयको लागि देहाय बमोजिमको बजेट सीमा स्वीकृत भएको हुँदा आगामी आ.व. को वडा स्तरीय बजेट तर्जुमा गर्दा देहाय बमोजिम मार्गदर्शन बमोजिम वडा समितिको बैठकबाट वडाको प्रस्तावित बजेट तथा कार्यक्रम स्वीकृत गरी यहि मिति २०८२।०३।०१ गते भित्र यस कार्यालयमा पेश गर्नु हुन जानकारी गराइन्छ ।

<u>बजेट तर्जुमा सम्वन्धी मार्गदर्शन तथा प्राथमिकताका आधारहरु:</u>

- वडामा योजना तथा कार्यक्रम तर्जुमा गर्दा नगरबाट प्राप्त बजेटको सीमा मार्गदर्शत तथा प्राथमिकतालाई अनिवार्यरुपमा अनुसरण गर्नु पर्नेछ ।
- योजना तर्जुमा गर्दा सहभागितात्मक योजना तर्जुमा पद्धतीलाई अनिवार्य रुपमा अनुसरण गर्नु पर्ने ।
- वडा समितिले आफ्नो वडाको प्रतिनिधित्व गर्ने वडा सदस्यहरुलाई बस्ती तथा टोलस्तरको योजना छनौट गर्न सहजिकरण गर्ने जिम्मेवारी तोक्ने ।
- सुनवल नगरपालिकाको आर्थिक, सामाजिक र पूर्वाधार विकास सहित गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने योजना तथा कार्यक्रमलाई प्राथमिकतामा राखि योजना छनौट गर्ने ।
- जनताको जीवन स्तरमा प्रत्यक्ष सहयोग पुग्ने गरी आम्दानी र रोजगारी सृजना बढाउन योगदान पुऱ्याउने योजना तथा कार्यक्रम छनौट गर्ने ।
- स्थानीय वासिन्दाहरुको सहभागिता जुट्ने, स्वयंसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने योजना छनौट गर्ने ।
- स्थानीय साधन स्रोत, ज्ञान सिपको अधिकतम प्रयोग हुने खालका योजना [illegible] ।
- महिला तथा बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौट गर्ने ।
- युवा उद्यमशिलता, यूवा स्वरोजगार कार्यक्रमलाई प्राथमिकता प्रदान गर्ने खालका योजना छनौट गर्ने ।
- एक आर्थिक बर्ष भित्र कार्यान्वयन गर्न सकिने उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न सहयोग पुग्ने तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने उत्पादनमुलक योजनामात्र छनौट गर्ने ।
- बजेट सम्वन्धि छलफल गर्दा समावेशी, समतामुलक र समानुपातिक ढंगले सबै जातजाति, वर्ग, सम्प्रदायको प्रतिनिधित्व सुनिश्चित गर्ने ।
- छलफल कार्यमा टोल विकास संस्था, आमा समूह, बाल सञ्जाल, युवा क्लव, स्थानीय संघ संस्था, कार्यालयलाई सहभागि गराउने ।
- आ.व. २०८२।८३ को बजेट तर्जुमा गर्दा वितरणमुखि कार्यक्रम, तालिम, गोष्ठी, अभिमुखिकरण, भ्रमण जस्ता कार्यक्रमलाई न्यूनिकरण गर्नु पर्नेछ ।
- यसरी छलफलबाट आएका योजना सम्वन्धी राय सुझाव, योजना विवरण सहजिकरणको जिम्मेवारी पदाधिकारीले वडा समितिमा पेश गरी छलफल गर्नु पर्ने ।
- बजेट तर्जुमा गर्दा बिषयगत समितिका हकमा नगरपालिकाका बिषयगत समितिका प्रमुखसंग अनिवार्यरुपमा परामर्श तथा सुझाव लिनु पर्नेछ ।
- वडा स्तरीय बजेट सीमा तथा थप निर्देशन यसै साथ संलग्न छ ।

शेषकान्त पौडेल
प्रमुख प्रशासकीय अधिकृत

शेषकान्त पौडेल
प्रमुख प्रशासकीय अधिकृत

सुनवल नगरपालिकाको आ.व. 082 / 83 को बार्षिक योजना तर्जुमाका सन्दर्भमा वडागत बजेट सीमा तथा बिषयगत बाँडफाड सम्बन्धी विवरण

वडा नं.	वडा स्तरीय बजेट सिमा			आ.व. २०८२।८३ का लागि बिषयगत समिति अनुसार बजेट विनियोजनको सिमा				
	न्यूनतम अनुदान	सुत्रमा आधारित	जम्मा बजेट सिमा	आर्थिक विकास १५%	सामाजिक विकास १५%	वन वातावरण २.५%	सुशासन तथा संस्थागत विकास समिति २.५%	पूर्वाधार विकास ६५ %
१	५०,००,०००.००	४५,६४,८०७.९८	९५,६४,८०७.९८	१४,३४,७२१.२०	१४,३४,७२१.२०	२,३९,१२०.२०	२,३९,१२०.२०	[illegible]
२	५०,००,०००.००	३३,५५,५२८.५३	८३,५५,५२८.५३	१२५३३२१.२७९	१२५३३२१.२७९	२,०८,८८८.२१	२,०८,८८८.२१	[illegible]
३	५०,००,०००.००	३२,६६,१६७.८३	८२,६६,१६७.८३	१२३९९२५.१७४	१२३९९२५.१७४	२,०६,६५४.२०	२,०६,६५४.२०	[illegible]
४	५०,००,०००.००	९७,९०,२४५.२२	१,४७,९०,२४५.२२	२२१८५३६.७८३	२२१८५३६.७८३	३,६९,७५६.९३	३,६९,७५६.९३	[illegible]
५	५०,००,०००.००	२४,५१,९१७.३८	७४,५१,९१७.३८	११९७७८७.६०६	११९७७८७.६०६	१,८६,२९७.९३	१,८६,२९७.९३	[illegible]
६	५०,००,०००.००	४४,०५,७९६.४२	९४,०५,७९६.४२	१४१०८६९.४६२	१४१०८६९.४६२	२,३५,१४४.९१	२,३५,१४४.९१	[illegible]
७	५०,००,०००.००	४९,७३,०८२.०९	९९,७३,०८२.०९	१४९५९६२.३९४	१४९५९६२.३९४	२,४९,३२७.०५	२,४९,३२७.०५	[illegible]
८	५०,००,०००.००	५०,२२,५९४.२५	१,००,२२,५९४.२५	१५०३३८९.९३७	१५०३३८९.९३७	२,५०,५६४.८६	२,५०,५६४.८६	[illegible]
९	५०,००,०००.००	३९,०१,५०५.३४	८९,०१,५०५.३४	१३३५२२५.८०२	१३३५२२५.८०२	२,२२,५३७.६३	२,२२,५३७.६३	[illegible]
१०	५०,००,०००.००	२५,१७,८०९.३६	७५,१७,८०९.३६	११२७६७१.४०४	११२७६७१.४०४	१,८७,९४५.२३	१,८७,९४५.२३	[illegible]
११	५०,००,०००.००	८६,००,७०७.६६	१,३६,००,७०७.६६	२०४०१०६.१४९	२०४०१०६.१४९	३,४०,०१७.६९	३,४०,०१७.६९	[illegible]
१२	५०,००,०००.००	६२,६४,२९६.६४	१,१२,६४,२९६.६४	१६८९६४४.४९६	१६८९६४४.४९६	२,८१,६०७.४२	२,८१,६०७.४२	[illegible]
१३	५०,००,०००.००	५८,८५,५४१.३१	१,०८,८५,५४१.३१	१६३२८३१.९९६	१६३२८३१.९९६	२,७२,१३८.५३	२,७२,१३८.५३	[illegible]
जम्मा	६,५०,००,०००.००	६,५०,००,०००.००	१३,००,००,०००.००	१,९५,००,०००.००	१,९५,००,०००.००	३२,५०,०००.००	३२,५०,०००.००	[illegible]

वडागत आयोजना प्राथमिकीकरणका आधारहरु तथा प्राथमिकता निर्धारण फाराम

(क) आयोजना प्राथमिकीकरणका आधारहरु

१. गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने आयोजनाहरु (२० अंक)

(क) प्रत्यक्ष योगदान पुर्याउने–२० अंक (ख) अप्रत्यक्ष योगदान पुर्याउने –१० अंक (ग) तटस्थ–५ अंक

२. उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने आयोजनाहरु (१५ अंक)

(क) चालु आ.व.मानै सम्पन्न हुने–१५ अंक (ख) आगामी आ.व. मा सम्पन्न हुने–१० अंक (ग) अन्य–५ अंक

३. आम्दानी र रोजगार वृद्धि गर्ने आयोजनाहरु (१५ अंक)

(क) प्रत्यक्ष योगदान पुर्याउने–१५ अंक (ख) अप्रत्यक्ष योगदान पुर्याउने–७.५ अंक (ग) तटस्थ–०

४. लागत सहभागिता जुट्ने आयोजनाहरु (१५ अंक)

(क) ५०५ वा सो भन्दा बढी लागत सहभागिता हुने–१५ अंक (ख) २०५ देखि ५०५ सम्म लागत सहभागिता हुने–१० अंक

(ग) २०५ सम्म लागत सहभागिता हुने–५ अंक (घ) लागत सहभागिता नहुने–०

५. स्थानीय श्रोत साधन र सीपको प्रयोग हुने आयोजनाहरु (१० अंक)

(क) आयोजनालाई आवश्यक पर्ने सबै श्रोत साधन स्थानीय तहमा उपलब्ध हुने–१० अंक

(ख) आयोजनालाई आवश्यक पर्ने ५०५ सम्म श्रोत साधन स्थानीय तहमा उपलब्ध हुने–७.५ अंक

(ग) अन्य–५ अंक

६. समावेशी विकासमा योगदान पुर्याउने आयोजनाहरु (१० अंक)

(क) प्रत्यक्ष योगदान पुर्याउने–१० अंक ख) अप्रत्यक्ष योगदान पुर्याउने–५ अंक (ग) तटस्थ–०

७. दीगो विकास र वातावरणीय संरक्षण गर्ने आयोजनाहरु (१० अंक)

(क) प्रत्यक्ष योगदान पुर्याउने–१० अंक (ख) अप्रत्यक्ष योगदान पुर्याउने–५ अंक (ग) तटस्थ–०

८. स्थानीय भाषिक, सांस्कृतिक विकास गर्ने आयोजनाहरु (५ अंक)

(क) प्रत्यक्ष योगदान पुर्याउने–५ अंक (ख) अप्रत्यक्ष योगदान पुर्याउने–३ अंक (ग) तटस्थ–०

ख) आयोजनाको प्राथमिकताक्रम निर्धारण फाराम

क्र.सं.	आयोजनाको नाम	गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने (अंक २०)	उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने (अंक १५)	आम्दानी र रोजगार बढ्ने (अंक१५)	लागत सहभागिता जुट्ने (अंक १५)	स्थानीय श्रोत साधन र सीपको प्रयोग (१० अंक)	समावेशी विकासमा योगदान (अंक १०)	दीगो विकास र वातावरणीय संरक्षण (१० अंक)	स्थानीय भाषिक, सांस्कृतिक विकास ५) (अंक	कुल प्राप्ताङ्क (१००)	प्राथमिकता क्रम
१											
२											
३											
४											
५											
६											

नोटः आयोजनाहरुको प्राथमिकताक्रम निर्धारण गर्दा सबैभन्दा बढी अंक प्राप्त गर्ने आयोजनालाई पहिलो प्राथमिकताक्रम निर्धारण गर्नु पर्नेछ।

सि.नं.	अंक भार	प्राथमिकता नं.
१	८० अंक भन्दा बढी प्राप्त भएमा	१
२	६० देखि ८० अंक प्राप्त भएमा	२
३	६० अंक भन्दा कम प्राप्त भएमा	३
४	५० अंक भन्दा कम प्राप्त भएमा	न्यून प्राथमिकता

बजेट विनियोजन सम्बन्धी मार्गदर्शन:

आर्थिक विकास तर्फ:

- कृषि विकास, पशु पालन, घरेलु तथा साना उद्योग प्रवर्द्धन, पर्यटन प्रवर्दन, साना सिंचाई, श्रम तथा रोजगार तथा सहकारी लगायतका कार्यक्रम समावेश गर्न सकिनेछ ।
- दिगो विकास लक्ष्यलाई सहयोग पुग्ने योजना तथा कार्यक्रम समावेश गर्नु पर्नेछ ।

सामाजिक विकास तर्फ:

- शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, खेलकुद, महिला तथा बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक समानता तथा समाजिक समावेशिकरण सीप तथा क्षमता विकास तालिम समावेश गर्नु पर्ने छ । शिक्षा तर्फको कार्यक्रम पालिका स्तरीय कार्यक्रमसंग समायोजन गरी कार्यान्वयन गरिनेछ ।
- दिगो विकास लक्ष्यलाई सहयोग पुग्ने योजना तथा कार्यक्रम समावेश गर्नु पर्नेछ ।

वन वातावरण तथा विपद व्यवस्थापन तर्फ:

- नदि नियन्त्रण, कटान संरक्षण, सार्वजनिक जग्गा संरक्षण तथा व्यवस्थापन, बृक्षारोपण, वातावरण संरक्षण, जववायु परिवर्तन अनुकुलन लगायतका कार्यक्रम समावेश गर्नु पर्नेछ ।
- दिगो विकास लक्ष्यलाई सहयोग पुग्ने योजना तथा कार्यक्रम समावेश गर्नु पर्नेछ ।

पूर्वाधार विकास तर्फ:

- सडक, पुल, पक्कि क्लभर्ट निर्माण, भवन तथा सहरी विकास, ऊर्जा, लघु तथा साना जलविद्युत लगायतका कार्यक्रमहरु समावेश गर्नु पर्नेछ । (सामुदायिक भवन निर्माण गर्दा भोगाधिकार भएका संस्थालाई प्राथमिकता दिनु पर्नेछ)
- साथै पूर्वाधार विकास तर्फका योजना छनौट गर्दा वडा स्तरीय बजेट सिलिङ रु. १ करोड भन्दा बढी सिलिङ प्राप्त गर्ने वडाहरुले २० लाख लागतको १ वटा र १०-१० लाख लागतको दुई वटा योजना छनौट गर्नु पर्नेछ भने १ करोड भन्दा कम सिलिङ प्राप्त गर्ने वडाहरुले १५ लाखको एउटा र १० लाखको एक वटा योजना अनिवार्य छनौट गर्नु पर्नेछ ।
- साना पूर्वाधार विकास तर्फ स-साना पूर्वाधार निर्माण, मर्मत सम्भार, साना कल्भर्ट तर्फ हयुमपाइप, पानि निकासका योजना छनौट गर्नु पर्नेछ ।
- दिगो विकास लक्ष्यलाई सहयोग पुग्ने योजना तथा कार्यक्रम समावेश गर्नु पर्नेछ ।

सुशासन तथा संस्थागत विकास तर्फ:

- संस्थागत क्षमता विकास, राजश्व संकलन तथा सुदृधिकरण, वित्तिय व्यवस्थापन, सेवा तथा सूचना प्रवाह र अन्तर निकाय समन्वय जस्ता कार्यक्रम छनौट गर्नु पर्नेछ ।

"सामाजिक सुरक्षा ,सुशासन, न्याय विकास र समानता समृद्ध नगर सुखी नगरवासी हाम्रो प्रतिवद्धता"
" Social Security, Good Governance, Justice, Development and Equity Properous Cities Happy Citizens Our Commitment"

सुनवल नगरपालिका
Sunwal Municipality
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE

सुनवल, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)
Sunwal, Nawalparasi (West of Bardaghat Susta)
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

-च.न. ७६ (योजना)
प.म. ०८१।०८२

मिति: २०८२।२।३०

श्री बिषय शाखा/उपशाखा सबै ।

सुनवल नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

सुनवल, नवलपरासी ।

बिषयः बजेट सीमा तथा मार्गदर्शन सम्वन्धमा ।

सुनवल नगरपालिकाको आर्थिक बर्ष २०८२।३२ को बार्षिक विकास योजना तर्जुमा गर्ने सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४ एवं स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ तथा संङ्घीय सरकार, प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ तथा मार्गदर्शन बमोजिम सुनवल नगर स्तरीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति तथा कार्यपालिकाको निर्णयानुसार तहाँ शाखासंग सम्वन्धित बजेट सीमा तथा मार्गदर्शन देहाय बमोजिमको स्वीकृत भएको जानकारी गराउदै मार्गदर्शन तथा बजेट सीमाको परिधि भित्र रही शाखाको कार्यक्रम तयार गरी यहि मिति २०८२।०३।०३ गते भित्र पेश गर्नु हुन जानकारी गराइन्छ ।

बजेट तर्जुमा सम्वन्धी मार्गदर्शनहरूः

- नगरपालिकाको आवधिक योजनाको सोच, लक्ष्य, उद्देश्य र रणनीति पूर्ति हुने खालका योजनाहरु छनौट गर्नु पर्नेछ ।
- नगरपालिकाको मध्यकालीन खर्च संरचना लक्षित दीगो विकास लक्ष्य प्राप्ति उन्मुख योजनाहरु छनौट गर्नु पर्नेछ ।
- सुनवल नगरपालिकाको आर्थिक, सामाजिक र पूर्वाधार विकास सहित गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने योजना तथा कार्यक्रमलाई प्राथमिकतामा राखि योजना छनौट गर्ने ।
- जनताको जीवन स्तरमा प्रत्यक्ष सहयोग पुग्ने गरी आम्दानी र रोजगारी सृजना बढाउन योगदान पुऱ्याउने योजना तथा कार्यक्रम छनौट गर्ने ।
- स्थानीय वासिन्दाहरुको सहभागिता जुट्ने, स्वयंसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने योजना छनौट गर्ने ।
- स्थानीय साधन स्रोत, ज्ञान सिपको अधिकतम प्रयोग हुने खालका योजना तथा कार्यक्रम छनौट गर्ने ।
- महिला तथा बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौट गर्ने ।
- युवा उद्यमशिलता, यूवा स्वरोजगार कार्यक्रमलाई प्राथमिकता प्रदान गर्ने खालका योजना छनौट गर्ने ।
- एक आर्थिक बर्ष भित्र कार्यान्वयन गर्न सकिने उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न सहयोग पुग्ने तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने उत्पादनमुलक योजनामात्र छनौट गर्ने ।
- बजेट सम्वन्धि छलफल गर्दा समावेशी, समतामुलक र समानुपातिक ढंगले सबै जातजाति, वर्ग, सम्प्रदायको प्रतिनिधित्व सुनिश्चित गर्ने ।
- बजेट तथा कार्यक्रम समितिबाट प्राप्त बजेट सिमाको परिधि भित्र रही बजेट तथा कार्यक्रम तर्जुमा गर्ने ।
- गरिबि निवारण, शुसासन प्रवर्द्धन, वातावरण संरक्षण, लैङ्गिक समानता तथा समावेशी विकासलाई प्राथमिकता पुऱ्याउने योजनाहरुलाई प्राथमिकता दिने ।
- दिगो विकास लक्ष्यका उद्देश्य पूर्तिहुने योजनाहरु छनौट गरी पठाउने ।

सुनवल नगरपालिका
Sunwal Municipality
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE

सुनवल, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)
Sunwal, Nawalparasi (Bardaghat Susta)
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

- गत विगतमा सम्पन्न हुन नसकेका आयोजनाहरुलाई प्राथमिकता प्रदान गर्नु पर्ने ।
- खुद्रे खालका भन्दा निश्चित उद्देश्य पूर्ति हुने खालको आयोजनाहरुलाई प्राथमिकता दिनु पर्ने ।
- बालमैत्री, अपांग मैत्री र समावेशी प्रवृतिका आयोजनाहरु छनौट गर्नु पर्ने ।
- बजेट तर्जुमा गर्दा तालिम, गोष्ठी, सेमिनार, अभिमुखिकरण कार्यक्रम र अवलोकन भ्रमण जस्ता कार्यक्रमहरुलाई निरुत्साहित गर्ने ।
- शाखा सम्बद्ध नीति, रणनीति, कार्यविधि अनुकुलका बजेट तथा कार्यक्रम छनौट गर्ने ।
- बजेट तर्जुमा गर्दा आवश्यक परेमा विषयविज्ञ, बिषयगत समितिका संयोजक, समिति समेतको राय, परामर्श गर्न सकिनेछ ।
- बिषयगत शाखा/उपशाखा संग सम्वन्धी बजेट सिलिङ यसै साथ संलग्न छ ।

निम्न:

सि.नं.	बिषयगत शाखा तथा उपशाखाको सिलिङ्ग	प्रस्तावित रकम रु
१	स्वास्थ्य	७५००००००.००
२	शिक्षा	३५०००००००.००
३	खानेपानी तथा सरसफाई	५५००००००.००
४	संस्कृति संरक्षण	३००००००.००
५	युवा खेलकुद तथा मनोरञ्जन	२५००००००.००
६	लैङ्गिक समानता तथा समाजिक समावेशिकरण	२०००००००.००
७	सबै लक्षित वर्ग	१०००००००.००
८	कृषि	५०००००००.००
९	सिचाइ	१०००००००.००
१०	पशु	५०००००००.००
११	सहकारी तथा उद्योग	१०००००००.००
१२	वन वातावरण	२०००००००.००
१३	नदि नियन्त्रण तथा तारजाली	२०००००००.००
१४	न्यायिक समिति	२०००००००.००
१९	पूर्वाधार विकास भवन र सडक	१००००००००.००

(शेषकान्त पौडेल)
प्रमुख प्रशासकीय अधिकृत

शेषकान्त पौडेल
प्रमुख प्रशासकीय अधिकृत